# मूल्याङ्कनको सम्बन्धमा अभिभावकहरूका लागि दिग्दर्शन

**प्राज्ञिक पठन सामाग्री (Scholastic Reading Inventory वा SRI) को रूपमा पनि चिनिने पठन सामाग्री (READING INVENTORY वा RI)**

मूल्याङ्कनहरूले विद्यार्थी, बुवा-आमा र शिक्षकहरूलाई विद्यार्थीहरूले 21 औं शताब्दीका तयार गरिएको ग्रेड स्तर र विषयसूचीका मानकहरूमा दक्षता हासिल गरेका छन् कि छैनन् र उनीहरू ग्रेजुएट गर्ने बाटोमा छन् कि छैनन् भन्ने मूल्यवान् जानकारी उपलब्ध गराउँछ। यी मूल्याङ्कनका नतिजाहरूले तपाईंको बच्चाको शैक्षिक प्रगतिका प्रमाणहरूको समूहबाट एउटा मापन प्रदान गर्नेछ भन्ने मनसाय राखिन्छ ।

## यो मूल्याङ्कन भनेको के हो ?

SRI विद्यार्थीको क्षमता अनुसार कम्प्युटरबाट लिइने एउटा मूल्याङ्कन हो जसले पठनको आधारभूत प्रवाह र पठनको आधारभूत बुझाइ दुवै मापन गर्छ । SRI ले कलेज र व्यवसायिक स्तरका पाठ्य सामाग्री मार्फत प्रारम्भिक अवस्थामा देखिने शब्दहरू देखि पठनका सीपहरू अनुगमन गर्छ । पठनका लागि लेक्साइल फ्रेमवर्क(Lexile Framework for Reading) प्रयोग गरेर, SRI ले शिक्षकहरूलाई ग्रेड स्तरको प्रवीणता, कलेज तथा पेशाको तयारीका सम्बन्धमा विद्यार्थी कुन पथमा हिँडिरहेका छन् भनेर अनुमान गर्न, लक्षित हस्तक्षेपहरू सिर्जना गर्न र व्यवहारमा उतार्न मिल्ने तथ्याङ्क प्रयोग गरेर जबाफदेहिता प्रदर्शन गर्न सहयोग गर्छ ।

## मेरो बच्चालाई कहिले जाँच गरिन्छ ?

SRI READ Act Cohort का हिस्सा रहेका ग्रेड 6-12 का विद्यार्थीहरूका लागि प्रयोग गरिन्छ । READ Act को परीक्षण अवधि शरद र वसन्तमा छ हप्तासम्म चल्छ ।

**परीक्षण अवधि**

परीक्षण अवधि एउटा यस्तो समयावधि हो जहाँ तपाईंको बच्चाले कुनै दिन जाँच दिन्छन् भने अर्को कुनै दिन निर्देशन प्राप्त गर्छन् । विद्यार्थीहरूले सम्पूर्ण अवधिभर जाँच दिनु पर्दैन । आफ्नो बच्चाको जाँचको निश्चित मितिका लागि कृपया बच्चाका शिक्षकसँग सम्पर्क गर्नुहोस् ।

तपाईंको बच्चाको लागि प्रत्येक परीक्षण अवधिमा एक पटक मूल्याङ्कन सञ्चालन गरिनेछ र उनीहरूले ग्रेडका आधारमा निश्चित दिनहरूमा मात्र जाँच दिने छन्, न कि सम्पूर्ण अवधि भर । प्रत्येक मूल्याङ्कन विद्यार्थीको ग्रेड र पठन स्तर अनुसार 20-40 मिनटसम्म चल्छ । प्रगति अनुगमनका लागि पूर्ण विद्यालय वर्षभर SRI सञ्चालित गर्न सकिन्छ । जाँचको तालिकाको प्राप्त गर्नका लागि कृपया आफ्नो बच्चाका शिक्षकसँग बुझ्नुहोस् ।

## मेरो बच्चाले कस्तो अङ्क प्राप्त गर्ने छन् ?

प्राज्ञिक पठन सामाग्रीसम्बन्धी पठनको बुझाइको आधारमा तपाईंका बच्चाले लेक्साइल अङ्क (Lexile score) प्राप्त गर्ने छन् । SRI परीक्षणका नतिजाहरूले तपाईंको बच्चाको पठनसम्बन्धी बुझाइको स्तर मापन गर्छ । यसले शिक्षकलाई विद्यार्थीहरूको पठनको क्षमता जाँच गर्न, सोही अनुरूप निर्देशनहरूको योजना बनाउन र पठनको प्रगति अनुगमन गर्न सक्षम बनाउँछ ।

## यी अङ्कहरू कसरी प्रयोग गरिनेछ ?

SRI प्रदर्शनसम्बन्धी प्रवीणताको मानक तहले निर्धारण गर्ने SRI लेक्साइल अङ्कहरू (Lexile scores) सम्पूर्ण कक्षा, सामूहिक पठन, र स्वतन्त्र पठन, निर्देशित पठनको स्तर स्थापित गर्न प्रयोग गरिन्छ । लेक्साइल अङ्क (Lexile score) तपाईंको बच्चा ग्रेड स्तरमा वा त्यो भन्दा कम स्तरमा अध्ययन गरिरहेका छन् कि भनेर निर्धारण गर्न सहयोग गर्ने प्रमाणको समूहको हिस्साको रूपमा प्रयोग गरिन्छ ।

## ? अतिरिक्त जानकारी:

हामी तपाईंलाई आफ्नो बच्चाको शिक्षामा संलग्न हुन प्रोत्साहित गर्छौं । कृपया तपाईंले आफ्नो बच्चालाई घरमा र जाँचको बन्दोबस्तीको उपलब्धतामा कसरी सहयोग गर्न सक्नु हुन्छ भन्ने कुराको जानकारी लिन आफ्नो विद्यार्थीका शिक्षकलाई सम्पर्क गर्न संकोच नमान्नुहोस् ।

तपाईंसँग मूल्याङ्कनको सम्बन्धमा कुनै पनि प्रश्न वा सरोकारहरू छन् भने कृपया सिधैं आफ्नो बच्चाको विद्यालयमा सम्पर्क गर्नुहोस् वा Family Constituency Services लाई (720) 423-3054 मा फोन गर्नुहोस् ।